# न्याँयमा पहूच एवम कानूनी सहायता सम्बन्धी अवधारणा

(वैतनिक कानून व्यवसायीको राष्ट्रिय कार्यशाला,२०७८ मा प्रस्तुत गरिने कार्यपत्रको मस्यौदा)

## १. न्यायमा पहुँचको अवधारणा

### १.१ परिचय

नागरिकको अधिकारको हनन हुँदा त्यसको उपचर खोज्ने क्षमता सवैमा समान हुँदैन।अज्ञानता वा आर्थिक सामाजिक कारणले पछाडि परेका व्यक्तिहरुमा उनिहरुको अधिकार हनन हुँदा त्यसको उपचार खोज्ने क्षमता कम हुने हुँदा त्यस्ता व्यक्ति, वर्ग वा समुदायको निम्ति राज्यले सहज र विशेष वातावरण तयार गरिदिनुपर्छ किनभने कानूनको अगाडी सवै नागरिक समान हुन्छन् र कानूनको समान संरक्षणबाट कुनै पनि नागरिकलाई वञ्चित गरिनु हुँदैन भन्ने लोक कल्याणकारी राज्यको अवधारणा हो।लोक कल्याणकारी राज्यमा विधिको शासन ( rule of law ) हुन्छ, अर्थात देशको संविधान, नियम कानूनलाई पालना गर्दै शासन सञ्चालन गर्ने गरिन्छ। कानून भन्दा माथि कोही हुँदैन, कानूनको पालना सवैले गर्नुपर्छ भन्ने अवधारणा पनि हो यो।

सामान्यतया न्यायमा पहुँच भन्नाले व्यक्ति तथा नागरिकहरुमा आफ्ना कानूनी समास्याहरुको समाधानको लागि न्यायिक निकायहरुको उपयोग गर्न सक्ने सक्षमता विद्यमान हुनुलाई बुझिन्छ[1]। मानिसको बाँच्न पाउने अधिकारको अनुभूति गराउन, अन्याय र असत्य विरुद्ध सत्य र न्याय स्थापित गर्न, हेपाई, दुःख पीडा बाट मुक्त हुन र मानिसको हक अधिकारको रक्षा गर्ने सवालमा बनेका कानूनहरुको व्यवहारिक रुपमा कार्यान्वयन नै न्यायमा पहुँच हो।

### १.२ परिभाषा

स्वतन्त्र, निष्पक्ष, र सक्षम न्याय प्रशासनको माध्यमवाट वैयक्तिक स्वतन्त्रता वा अधिकारको पुनस्थापना गर्ने सामर्थ्य र अवसरलाई न्यायमा पहुँच भनेर वुझाउँछ[2]।Yash Gahi र Jill Cottrel[3] ले न्याय (Justice) लाई यसरी परिभाषित गरेको पाइन्छ : "Justice is defined as fairness; in the legal and political sphere, it usually means 'exercise of authority in maintenance of rights" अगाडि

[1] See, Gary KY Chan, The right to Access to justice: judicial discourse in Singapore and Malaysia, Asian Journal of Comparative Law, Volume2, Issue 1 2007 Article 2, page 1.

[2] न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना, २०७२ । ७३ पृ. ४.

[3] YashGhai and Jill Cottrel, "The Rule of Law and Access to Justice: Finding of an ABA Project on Access to Justice", (2008) (unpublished).

वहाँहरूले उल्लेख गर्नुभएको छ : "Fairness covers both the procedure of access and substantive rules that determine the exercise of authority,"

न्यायमा पहुँचलाई (Access to Justice) उहाँहरूले यसरी परिभाषित गर्दै अगाडी उल्लेख गर्नु भएकोछ : "Access to justice therefore means ability to approach and influence the decisions of those organs which exercise the authority of the state to make laws and to adjudicate on rights and obligations," अर्थात न्यायमा पहुँच भनेको त्यस्ता न्यायिक निकायहरूमा प्रवेश पाउने अवस्थालाई जनाउँछ जसले राज्यको कानून बनाउन र अधिकार र दायित्वको सम्बन्धमा अधिकारको प्रयोग गर्ने क्षेत्राधिकार राख्दछ ।

माथि उल्लेखित परिभाषा हेर्दा न्यायमा पहुँच भन्नाले उपयुक्त निकायमार्फत न्याय खोज्न र प्राप्त गर्न सकिने अवस्था नै न्यायमा पहुँच हो। न्यायमा पहुँचको लागि आफ्नो हक अधिकारको बारेमा जानकारी हुने र आफूलाई अन्याय हुँदा न्यायको खोजी गर्न सक्ने क्षमता व्यक्तिमा हुन आवश्यक छ । त्यसैगरी, न्याय प्रदान गर्ने निकायको सक्षमता, प्रभावकारीता लगायत न्यायको खोजी र प्राप्ति गर्ने सन्र्दभमा उपयुक्त वातावरणको सुनिश्चितता र प्रयोग नै न्यायमा पहुँच हो ।

न्यायिक संस्थाहरुले प्रभावकारी रुपले न्यायिक समस्याहरुको सम्बोधन गर्न सके मात्र न्यायमा पहुँच पुर्याएको भन्न सकिन्छ। नागरिकहरुले हुनसुकै जात, धर्म, संस्कृति, लिङ्ग, वर्ण, भाषा, वैचारिक आस्था भए पनि बिनाकुनै विभेद न्याय प्रप्तिको लागि सम्बन्धित न्यायिक निकाय समक्ष पुग्न सक्ने परिस्थितिको निर्माण गरिएको छ भने त्यो नै न्यायमा पहुँच हो भनेर बुझ्न सकिन्छ। न्यायमा सवै जनताको सहज पहुँच नभएसम्म, न्यायपूर्ण, समावेशी र सन्तुलित विकास गर्न प्राय: असम्भव हुन्छ । त्यस अर्थमा यो दिगो विकासको मुद्दा पनि हो[4]।

## १.३. न्यायमा पहुँचको आवश्यक्ता र महत्व

न्यायमा पहुँचको आवश्यक्ता र महत्व देहायबमोजिम रहेको छ ।

- राज्यको सबैलाई न्याय प्रदान गर्ने उद्देश्यलाई साकार पार्नु,
- न्यायलाई बढि विश्वासिलो र भरपर्दो बनाउनु,
- न्याय प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको प्रत्यभूति गर्नु,
- समाजका disadvantaged र vulnerable समूहलाई न्यायको मूल प्रवाहमा सामेल गराउनु,

[4] हेर्नुहोस संयुक्त राष्ट्रसंघद्वारा घोषित दिगो विकास लक्ष्य http://www.un.org/sustainabledevelopment/sustainable-development-goals/

- राज्यले अन्तर्राष्ट्रियस्तरमा प्रतिज्ञा गरेको दायित्वलाई व्यवहारमा उतार्नु,
- समावेशी प्रजातन्त्रको अवधारणालाई व्यवहारमा स्थापित गराउनु,
- कानूनको शासन, मौलिक हक एवं मानव अधिकार संरक्षणका साथै शान्ति, सुशासन र दिगो विकासका माध्यमबाट न्यायपूर्ण समाजको स्थापना गर्नु,
- नागरिकका अधिकारको संरक्षण र प्रवर्धन गर्दै न्यायको अनुभूति दिलाउनु आदि ।

### १.४. न्यायमा पहुँचसम्बन्धी सिद्धान्तहरु[5]

न्यायमा पहुँचसम्बन्धमा देहाय बमोजिमका सिद्धान्तहरु रहेका छन् :

- असमर्थ व्यक्तिका लागि कानूनी सहयता हुनुपर्छ ।
- जनतालाई निष्पक्ष र प्रभावकारी रुपमा विवादको समाधान गराई आफ्नो अधिकार स्थापित गराउने हक हुन्छ ।
- सरल, सुलभ, शीघ्र र पहुँचयोग्य विवाद समाधान पद्धति हुनुपर्दछ ।
- सबै विवादको समाधान छिटोछरितो हुनुपर्छ ।
- कानून र कार्यविधि सरल र सबैले बुझ्ने गरी बनाइएको हुनुपर्दछ ।
- जनता अदालतमा तथा न्यायधिकरण आउनुपूर्व उपयुक्त कानूनी परामर्श र प्रतिनिधित्व गर्ने अधिकार हुनुपर्दछ ।
- उपयुक्त र पहुँचयोग्य कानूनी सहायताको प्रवन्ध गर्ने जिम्मेवारी सरकारको हुन्छ।
- स्रोतसाधनको अभावले जनता न्यायबाट वञ्चित हुन नपाउने व्यवस्था गर्नु सरकारको कर्तव्य हो ।
- लक्षित वर्गलाई आफ्नो अधिकारप्रति सचेत र क्रियाशील गराउने जिम्मेवारी सरोकारवाला निकायको हो ।

## २. न्यायमा पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरु

### २.१ मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८

कानूनको दृष्टिमा सबै समान छन् र विना भेदभाव सबैलाई कानूनको समान संरक्षणको हक प्राप्त हुनेछ [6]।सबैलाई संविधान वा कानूनद्वारा प्रदत्त मौलिक हकको उल्लङ्घन विरुद्ध सक्षम राष्ट्रिय अदालतबाट प्रभावकारी उपचार पाउने हक हुनेछ [7]। प्रत्येक व्यक्तिलाई उसको अधिकार र दायित्व

---

[5] http://reports.weforum.org/global-gender-gap-report-२०१६/economies/#economy=NPL

[6] Art. 7, UDHR, 1948

[7] Art. 8, UDHR 1948

निर्धारण गर्न वा फौजदारी अभियोग लागेको अवस्थामा एक स्वतन्त्र र निष्पक्ष अदालतबाट स्वच्छ र सार्वजनिक सुनुवाइ गरिने पूर्ण र समान अधिकार हुनेछ [8] भनी सो घोषणापत्रले व्यवस्था गरेको छ।

## २.२ नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६

कसैलाई लागेको फौजदारी अभियोगको सन्दर्भमा वा अधिकार वा दायित्वको निर्धारण गर्दाका अवस्थामा स्वच्छ र सक्षम अदालत वा निकायबाट सुनुवाइ गर्ने अधिकार नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र,१९६६को धारा १४ ले सुनुश्चित गरेको छ। तर यस प्रतिज्ञापत्रले अनुचित ढिलाइविना न्याय पाउने, कानूनी प्रतिनिधित्व सुनुश्चित गर्नुपर्ने तथा अदालती कारबाहीको भाषा नबुझ्नेका लागि अनुवादकको अधिकार हुने जस्ता हक भने फौजदारी अभियोग लागेको व्यक्तिलाई मात्र हुने व्यवस्था गरेको छ ।

## २.३. युरोपेली मानवअधिकार महासन्धि, १९५०

युरोपेली मानवअधिकार महासन्धि, १९५० ले पनि फौजदारी अभियोगको सन्दर्भमा वा देवानी अधिकार र दायित्व निर्धारण गर्ने सम्बन्धमा स्वतन्त्र र निष्पक्ष ट्रिबुनलवाट मनासिव समयभित्र स्वच्छ र सार्वजनिक सुनुवाइ गर्न पाउने व्यक्तिको अधिकार हुने उल्लेख गरेको छ।[9] साथै, फौजदारी कसूरको अभियोग लागेको व्यक्तिलाई भने अदालती भाषा नबुझ्ने भएमा अनुवादकको हक तथा राज्यले कानूनी सहायता उपलव्ध गराउने कुराको पनि सुनिश्चितता गरेको पाइन्छ।

## २.४ महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि, १९७९

महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि, १९७९को धारा २(ख) मा माहिला विरुद्धको भेदभाव निषेध गर्ने कानूनी र अन्य उपायहरु एवं उपयुक्त भएका अवस्थामा दण्ड सजायको व्यवस्थासमेत अवलम्वन गर्ने, त्यसैगरी **धारा २(ग)**मा पुरुषसरह समान आधारमा महिलाका अधिकारहरुको कानूनी संरक्षणको व्यवस्था गर्ने तथा सक्षम राष्ट्रिय न्यायाधिकरण र अन्य सार्वजनिक निकायमार्फत भेदभावको कुनै पनि कार्यविरुद्ध महिलाको प्रभावकारी संरक्षण सुनिश्चित गर्ने, **धारा २(च)** मा महिलाबिरुद्ध भेदभाव गर्ने खालका कानून, नियम, परम्परा तथा अभ्यासहरु परिवर्तन वा खारेज गर्न कानून निर्माणलगायतका उपयुक्त तरिका अवलम्वन गर्ने, धारा १५(२)मा पक्ष

[8] Art. 10, UDHR 1948
[9] Art. 6.3(c), यूरोपियन कन्भेन्सन अफ ह्यूमन राईट्स.

राष्ट्रहरुले महिलालाई देवानी विषयहरुमा पुरुषसरहको कानूनी क्षमता प्रदान गरी सो क्षमताको उपयोग गर्न समान अवसर प्रदान गर्नेछन् । उनिहरुले खास गरी महिलालाई करार गर्न र सम्पत्तिको सञ्चालन गर्न पाउने समान अधिकार प्रदान गर्नुका साथै अदालत तथा न्यायाधिकरणका कार्यविधिहरुका सबै तहहरुमा महिलालाई समानरुपले व्यवहार गरिने छ भनी व्यवस्था गरेको छ।

**महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि, १९७९ को प्रभावकारी कार्यान्वयन गर्न महिलाविरुद्ध भेदभाव उन्मूलन गर्ने समितिले** विभिन्न सिफारिसहरु जारी गर्ने गरेको छ। उक्त समितिको ६१ औं बैठकले जुलाई २३, २०१५ मा जारी गरेको सिफारिस नं ३३ बढी महत्वपूर्ण छ। स्वतन्त्र, निष्पक्ष न्याय प्रणालीको अभाव, लैङ्गिक रुढिवादी, महिलाविरुद्ध हुने भेदभाव, लिङ्गमा आधारित हिंसा, निरक्षरता, सशस्त्र द्वन्द्व र आन्तरिक विस्थापन जस्ता विविध कारणले महिलाको न्यायमा पहुँचमा अवरोध पुग्न सक्ने देखिँदा समितिले सो अधिकारको सुनिश्चितताका लागि सबै महिलाको न्यायिक संरचनाहरुमा भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक रुपले पहुँच पुऱ्याउनका लागि गर्नुपर्ने कार्यहरुको सुझाव पेस गरेको छ । यसका लागि पक्ष राष्ट्रहरुले देहायका कार्यहरु गर्नुपर्ने औँल्याएको छ ।

(क) न्यायिक परीक्षणको सुनिश्चितता
(ख) सहज उपलब्धता
(ग) न्यायप्रणालीसम्मको पहुँच
(घ) गुणस्तरीय न्याय प्रणाली
(ङ) न्यायिक उपचारको व्यवस्था
(च) उत्तरदायी न्याय प्रणाली

## २.५ बालअधिकार सम्बन्धी महासन्धि, १९८९

यस महासन्धीले प्रत्येक बालबालिकाले बिना कुनै भेदभाव नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार पाउनुपर्ने र ती सबै अधिकार अविभाज्य रहनुपर्ने कुरालाई स्थापित गरेको छ। १८ वर्षमुनिका व्यक्तिलाई बालबालिकाको रुपमा स्वीकार गरी उनीहरुको अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने दायित्व राज्यको हो भन्ने कुरा स्पष्ट रुपमा उल्लेख गरिएको छ। बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिताको अधिकारको प्रत्याभूति पनि यो महासन्धिले गरेको छ ।
बाल अधिकार सम्बन्धी महासन्धिको प्रभावकारी कार्यान्वयनको लागि committee on the right of child को ४४ औं सभाले २५ अप्रिल २००७ मा general Comment no. 10, Children's Rights in juvenile justice[10] पारित गरी सदस्य राष्ट्रहरुलाईबालन्याय सम्बन्धी बृहत नीति (Comprehensive juvenile policy) तर्जुमा गरी कार्यान्वयनमा ल्याउन जोड दिएकोछ ।

[10] http://www.refworld.org/docid/4670fca12.html

संयुक्त राष्ट्रसंघ महासभावाट प्रस्ताव ४५/११३ वाट डिसेम्बर १९९० मा ग्रहण गरिएको स्वतन्त्रतावाट वञ्चित बालबालिकाहरुको संरक्षण सम्बन्धी नियमहरु (**UN Rules for the protection of juveniles Deprived of their liberty**)[11] ले यो नियमको मौलिक प्रयोजन, यसको प्रयोगको क्षेत्र र परिपालना, सुनुवाईका क्रममा रहेका बालबालिकाका सम्बन्धमा गर्नुपर्ने व्यवहार, बालबालिकाले प्राप्त गर्ने सुविधा व्यवस्थापनका कुराहरु तथा बालन्यायसंग सम्बन्धित कर्मचारीका योग्यता, कर्तव्य र आचरणका सम्बन्धमा विस्तृत नियमहरुको व्यवस्था गरेको छ।

संयुक्त राष्ट्रसंघको साधारण सभाले प्रस्ताव नं ४०/३३, मिति २९ नोभेम्वर १९८५ मा पारित बालन्याय प्रशासनका न्यूनतम नियमहरु बेइजिङ (बेइजिङ नियमहरु) **UN Standard minimum Rules for the administration of juvenile Justice**[12] विभिन्न ६ भाग र ३० नियम विभक्त छ। पहिलो भाग सामान्य सुद्धान्त अन्तर्गत मौलिक प्रयोजन, क्षेत्र, बालबालिकाका अधिकारहरु, गोपपनियताको रक्षा, वचाउ प्रावधानका बारेमा उल्लेख गरेकोछ भने दोस्रो भागमा कानूनको द्वन्दमा परेका बालबालिकासंग सम्बन्धित घटनाको अनुसन्धान तथा अभियोजन सम्बन्धी नियम, जस अनन्तर्गत – बालबालिकासंग सम्पर्क, दिशान्तर, प्रहरीको विशिष्टीकरण, पुर्पक्ष गर्दा थुनालाई निषेध गर्ने सम्बन्धी नियमहरु उल्लेखछ ।

तेस्रो भागमा सुनुवाई र कार्यान्वयन सम्बन्धी नियमहरु छन् जसमा न्याय निरुपण तथा कार्यान्वयनका निर्देशक सिद्धान्तहरु, कार्यान्वयनका विभिन्न वैकल्पिक तरिकाहरु अपनाउने, थुनामा राख्ने संस्थागत उपायलाई निरुत्साहित गर्ने, ढिलासुस्तीलाई निषेध गर्ने, तथ्याङ्कको गोपनीयता कायम गर्नुका साथै पेशागत व्यवसायिकता र तालिमका विषयमा बिस्तृत व्यवस्था गरिएको छ ।

## २.६ अपांगता भएका व्याक्तिहरुको अधिकार सम्बन्धी महासन्धि (सिआरपीडी), २००६

सामान्य सिद्धान्त अन्तर्गत नैसर्गिक मर्यादा, आफनो बारेमा आफै निर्णय गर्न पाउने स्वतन्त्रता समेतको व्यक्तिको स्वायत्तता र व्यक्तिको स्वतन्त्रताको सम्मानलाई स्पष्ट रुपमा उल्लेख गर्नुको साथै समाजमा पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरणलाई सुनिश्चित गरेको छ । यसैगरी मानवीय विविधता र मानवीयताको अंगका रुपमा रहेको अपांगता भएका व्यक्तिहरुको भिन्नताको सम्मान र स्वीकार्यता, अवसरहरुमा समानता र पहुँचलाई जोड दिएको छ। अपांगता भएका बालबालिकाको क्षमता तथा पहिचानको संरक्षण गर्न पाउने अधिकारको सम्मान रहेको छ, त्यस्तै स्तरयुक्त जीवनयापन र काम प्राप्तिको अधिकार, सम्पत्तिको अधिकार, रोजगारी वा स्वरोजगारीको अवसरमा प्रर्वद्धन, स्वास्थ्य र शिक्षाको अधिकार (सांकेतिक भाषा र ब्रेललिपिमा पढ्न पाउने), आफ्नो

[11] हेर्नुहोस् http://youthjusticenc.org

[12] https://www.ncjrs.gov/pdffiles1/Digitization/145271NCJRS.pdf,

ईच्छा अनुसारको व्यवसायिक वा व्यवहारिक शिक्षा, अवसर र छात्रवृत्ति, सार्वजनिक संरचना, सार्वजनिक यातायात र स्थानहरुमा पहुँचको अधिकार, उचित र आधारभूत स्वास्थ्य सेवा र वासस्थानको अधिकार, गरिबी निवारणका लघुवित्तीय योजना, राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिताको अधिकार, सूचना प्राप्तिको अधिकार र गोपनीयताको अधिकार, गुणस्तरीय जीवनस्तर र सामाजिक जीवनमा सहभागिताको अधिकार, सांस्कृतिक जीवन, मनोरञ्जन, विश्राम तथा खेलकुदमा सहभागिताको अधिकार जस्ता अधिकार रहेका छन् ।

**२.७ सयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्यः** संयुक्त राष्ट्र संघले विकास गरेको विभिन्न १७ वटा लक्ष्यहरु मध्ये लक्ष्य नंम्बर १६ न्याय प्रणालीसँग सम्बन्धित रहेको छ। उक्त लक्ष्य अनुसार सबै किसिमको हिंसामा उल्लेख्य मात्रामा कमि ल्याउने, बालबालिकालाई हुने शोषणको अन्त्य गर्ने, यातनाको अन्त्य तथा राष्ट्रिय एवम् अन्तराष्ट्रिय स्तरमा कानूनको शासनको प्रबर्द्धन गर्ने लगायतका कामहरु गरी सन् २०३० सम्म सवैलाई न्याय प्रणालीसम्मको समान पहुँच गराउने प्रतिवद्धता गरिएको छ।

## ३. नेपालको सम्बन्धमा न्यायमा पहुँचको अवस्था

नेपालमा न्यायमा पहुँच सुनिश्चित गर्न समानताको हक[13], न्याय सम्बन्धी हक[14], पीडितको हक,[15] महिलाको हक[16], बालबालिकाको हक[17], सामाजिक सुरक्षाको हक[18] आदी मौलिक हकको संविधानले प्रत्याभूत गर्नुका साथै नेपालको संविधानको धारा १८ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांशमा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायतका नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था गरिएको छ ।
संविधानको न्याय र दण्ड सम्बन्धी नीतिमा न्यायप्रशासनलाई छिटोछरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष र जनउत्तरसायी बनाउने व्यवस्था छ। त्यसैगरी सामान्य प्रकृतिका विवाद समाधानका लागि

[13] धारा १८,नेपालको संविधान
[14] धारा २०, नेपालको संविधान
[15] धारा २१, नेपालको संविधान
[16] धारा ३८, नेपालको संविधान
[17] धारा ३९, नेपालको संविधान
[18] धारा ४२, नेपालको संविधान

मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपायहरु अवलम्वन गर्ने नीति लिएकोछ। त्यसै गरी धारा २१७ मा न्यायिक  समिति सम्बन्धी व्यवस्था गरिएको छ।

संविधान प्रदत्त न्यायमा पहुँचको सुनिश्चितताका लागी विभिन्न कानूनहरु जारी भई कार्यान्वय भैरहेको अवस्था। ती कानूनहरु निम्न रहेका छन्-

- कानूनी सहायता ऐन, २०५४ र  कानूनी सहायता नियमावली, २०५५
- मध्यस्थता सम्बन्धी ऐन, २०५५
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
- बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२
- वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५
- सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन,२०७५
- बालबालिका सम्बन्धी ऐन, २०७५ र बालबालिका सम्बन्धी नियमावली, २०५१
- ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३
- अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अपराध पीडित संरक्षण ऐन,२०७५,
- स्थानीय सरकार संचालन ऐन, २०७४,
- सर्वोच्च अदालत नियमावली, २०७४, उच्च अदालत नियमावली, २०७३, जिल्ला अदालत नियमावली, २०७५,
- फौजदारी कसूर (कैद कट्टा ) नियमावली, २०७६,
- फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७

न्यायमा पहुँचका सन्दर्भमा अदालतवाट वैतनिक कानून व्यवसायीवाट कानूनी सेवा, लगातार सुनुचाई सम्बन्धी व्यवस्था, बन्द इजलासवाट कारवाही र किनारा, मुद्दाको प्राथमिकतामा सुविधा, गोपनीयता कायम राख्ने, क्षतिपूर्ति भराउने सम्बन्धी व्यवस्था, परामर्श सेवा, टेम्पलेट सेवा, एक घण्टे सेवा, मेलमिलापलाई प्राथमिकता, दोभाषेको सेवा, पीडित साक्षी संरक्षण कोष, न्यायिक बाह्या पहुँच कार्यक्रम, जनचेतनामूलक कार्यक्रम, सेवाग्राहीको सन्तुष्टी सर्भेक्षण फारम, नागरिक वडापत्र, समय तालिका पद्दति, मुस्कान सहितको सेवा, गुनासो सुन्ने अधिकारीको व्यवस्था लगायतका थुप्रै सेवाहरु उपलव्ध गरिआएको छ।[19]

---

[19] सर्वोच्च अदालत नियामावली। २०७४, उच्च अदालत नियमावली,२०७३, जिल्ला अदालत नियामावली,२०७५

त्यस्तै मिति २०७२।०४।१० गते सर्वोच्च अदालतमा न्यायमा पहुँच आयोग गठन गरिएको र आयोगले आफ्नो उद्देश्य अनुरुप सर्वसाधारण जनताको न्यायमा समान र सहज पहुँच अभिबृद्धि गर्नेतर्फ आफ्नै साधन श्रोत तथा अन्य दातृ निकायहरूको सहयोग र समन्वयमा विभिन्न प्रयत्नहरू गरी आएको छ ।

यसै गरी न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७-२०८०/८१) का मुख्यत ५ वटा लक्ष्य मध्येको एक न्यायमा पहुँच अभिवृद्धि गर्नुपर्ने रहेको छ उक्त लक्ष्य अन्तर्गत: न्यायको सहज पहुँचमा रहेका अवरोधको पहिचान गरी सुधार गर्ने नीति लिइएको छ। स्वैच्छिक (प्रोबोनो) कानूनी सहायता र वैतनिक कानून व्यवसायीको सेवाको विस्तार र सुदृढीकरणलाई पनि समावेश गरिएको छ । हरेक अदालतमा सेवाग्राही परामर्श तथा सहायता कक्ष सुदृढ बनाउने, न्यायिक प्रक्रियासम्बन्धी सूचना सेवा सहजै उपलब्ध गराउने जस्ता कार्यक्रमलाई पनि प्राथमिकता दिइएको छ । संविधान र अपराध संहिताले गरेको परिवर्तित व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि अदालतमा पीडितमैत्री कक्षको व्यवस्थापन, पीडितका लागि प्राथमिक स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श र सुरक्षाको व्यवस्था, अन्तरिम राहत र क्षतिपूर्तिको उपलब्धता, पीडितलाई मुद्दाको कारबाही र आदेशको जानकारी जस्ता कार्यक्रम यो योजनामा समावेश छन् ।

## ४. न्यायमा पहुँचको अवस्था निर्धारण गर्ने आधारहरु

न्यायमा पहुँचको अवस्था पहिचान गर्न वा न्यायमा पहुँचका समस्याहरुलाई विश्लेषण गर्नका लागि सूचकहरुको आधार लिन सकिन्छ । त्यस्ता सूचकहरुका माध्यमबाट न्यायमा पहुँचका अबरोधक तत्वहरु पहिचान गर्न सहयोग पुग्दछ । Lord Neuberger ले न्यायमा पहुँचका लागि निम्न सर्त उल्लेख गरेका छनः-

- सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायपालिका
- सर्वसुलभ अदालत
- उचित न्यायप्रशासन
- दक्ष  र इमान्दार कानून व्यवसाय
- न्यायिक प्रकृया सम्बन्धी सरल र प्रभावकारी कार्यविधि
- प्रभावकारी कानूनी प्रकृया
- धान्न सक्ने दस्तुर आदि।

यसैगरी normative legal framework, legal awareness, access to appropriate forum, effective administration of justice, accessibility, monitoring, and oversight आदिलाई पनि न्यायमा पहुँचका सर्तहरुको रुपमा लिइन्छ ।त्यसैगरी हितको संरक्षण, कानूनी सहायता, कानूनको

कार्यान्वयन, न्यायिक उत्तरदायित्व, न्यायिक परिक्षणको सुनिश्चितता, सहज उपलब्धता, गुणस्तरीय न्याय र न्यायिक उपचारको व्यवस्था, उत्तरदायी न्यायप्रणाली पनि रहेका छन् ।

केही अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, परिपत्र तथा अनुबन्धहरूले पनि न्यायमा पहुँचको अधिकारलाई जोड दिएको पाइन्छ । संयुक्त राष्ट्र संघ अन्तर्गतका निकायहरूले न्यायमा पहुँचको अधिकारलाई न्याय प्राप्त गर्ने व्यक्तिको क्षमतासँग जोडेर हेर्ने गरेको पनि पाइन्छ । खास गरी महिलाविरुद्धका सबै प्रकारका भेदभावको अन्त्य गर्नेसम्बन्धी महासन्धी, १९७९ ले महिलाको विभेदरहित अधिकार र तिनको उपयोग गर्न पाउने अधिकारका बारेमा प्रबन्धहरू गरेको पाइन्छ ।[20]

कस्तो अवस्थालाई न्यायमा पहुँच सुनिश्चित भएको मान्ने हो भन्ने बारेमा स्पष्टताको कमी रहेतापनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा न्यायमा पहुँचका केही मापदण्डहरू विकास भएका पाईन्छन् । जस्तैः संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमले न्यायमा पहुँचका लागि कानूनी संरक्षण (legal protection), कानून र न्यायिक प्रक्रियाको जानकारी (legal awareness), कानूनी परामर्श र प्रतिनिधित्व (legal Aid and counsel), न्याय निरुपण (Adjudication), कानूनको कार्यान्वयन(Enforcement), न्यायिक उत्तरदायित्व (Judicial accountability), गरी ६ वटा मापक तोकेको छ।[21]

त्यसैगरी महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि, १९७९ अन्तर्गतको समितिको सामान्य सिफारिस **नं. ३३** मा महिलाको न्यायमा पहुँचका न्यायिक परीक्षणको सुनिश्चितता (Justiciability), सहज उपलव्धता (Availability),न्याय प्रणालीसम्मको पहुँच (Accessibility),गुणस्तरिय न्याय प्रणाली (Good quality of justice system), न्यायिक उपचारको व्यवस्थ (Provisions of legal remedies),उत्तरदायी न्याय प्रणाली (Accountability of justice system)[22] लाई आधार मानिएको छ।

यसका साथै, भौगोलिक विकटता वा न्यायिक निकायको भौगोलिक अवस्थिति, विद्यमान कानूनी संरचना, न्यायको खोजीका लागि लाग्ने खर्च, मुद्दाको कारवाहीमा अपनाइने प्रक्रिया र कार्यबिधि, मुद्दाको कारवाहीमा लाग्ने समयावधि, फैसला कार्यान्वयन, आर्थिक, सामाजिक अवस्था र पक्षहरू, शैक्षिक स्तर, कानूनी ज्ञान र अधिकारप्रतिको जानकारीको अवस्था, सेवा प्रवाहको अवस्था र सेवाग्राही उपर गरिने व्यबहार आदिलाई पनि महत्वपूर्ण सूचकको रुपमा लिन सकिन्छ ।

---

[20] Views of the Committee on the Elimination of Discrimination against Women under article 7, paragraph 3, of the OptionalProtocol in respect of communication No. 20/2008 adopted on 25 July 2011, para. 9.12

[21] See, Deborah Rhode, Equal justice under the law: Connecting Practisce to principle. In 2 Wash. U.J.L and Policy , at47 (2003)

[22] Bangkok: UNDP. P 5. According to the CEDAW Committee's General Recommendation No. 33 women's right to access to justice "encompasses justiciability, availability, accessibility, good quality and accountability of justice systems, and provision of remedies for victims. CEDAW Committee.(2015). General Recommendation on Women's Access to Justice.P 3.

## ५. न्यायमा पहुँचका तत्व / आधारहरु र कानूनी सहायताको अन्तरसम्बन्ध

जनताको जीउ धन समानता र स्वतन्त्रताको संरक्षण गरी सामाजिक आर्थिक एबम् राजनैतिक क्षेत्र लगायत राष्ट्रिय जीवनका सवै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्न कानूनको शासन आवश्यक पर्दछ।Rule of law को व्यवहारिक कार्यान्वयन हुन सवै नागरिकहरुकोलाई access to justice, fair trial, defense, counseling, legal aid जस्ता हक अधिकारको प्रत्याभूती र अभ्यास गर्न दिईनुपर्दछ भनी मानिन्छ। ती हक अधिकार प्रदान गर्ने दायित्व राज्यको भएको र अधिकारको प्रदान मात्र होइन संरक्षण र उपचारको यथोचित व्यवस्थाको दायित्व समेत राज्यमा रहने र त्यसको प्रयोग, प्रचलन र उपयोगको हकदारको रुपमा नागरिक रहेका हुन्छन्।प्राप्त हक अधिकार प्रयोग र उपचारको लागि आवश्यक पर्ने सवै प्रक्रियाको जानकारी र लाग्ने शुल्क भुक्तानी गर्न नागरिक सक्षम हुँदैन। त्यसमा असक्षम, वालक, थुनुवाहरुलाई कानूनी सहायता पुर्याईएन भने उनीहरुको न्यायमा पहुँच र कानूनको शासन कायम गर्न अप्ठेरो पर्ने मात्र नभई कानूनको समान संरक्षणबाट समेत वञ्चित हुने भएकाले उनीहरुलाई न्यायिक प्रक्रियामा सामेल गराइ उनीहरुको समेत संलग्नतामा न्याय निरुपणका काम गर्ने वातावरण राज्यले सृजना गर्नु पर्छ भन्ने मान्यताका आधारमा न्यायमा पहुँच पुर्याउन नसक्नेलाई कानूनी सहायता उपलब्ध गराउनु राज्यको दायित्व मानिएकोछ। यही दायित्व पूरा गर्न संविधान र कानून मै नागरिकका हक  र अधिकारलाई जनताको मौलिक मानव अधिकारको रुपमा समेत लिन थालिएको छ। तसर्थ प्रत्येक नागरिकलाई आफ्नो आधारभूत हक अधिकारप्रति सजग र सचेत बनाई असहाय र पिछाडिएका वर्गलाई समानरुपमा न्याय प्रदान गर्नका लागि कानूनी सहायताको अवधारणा अएको हो।

नेपालमा निःशुल्क कानूनी सहायताको अभ्यास वि.स २०१५ सालदेखि भएको हो। सर्वोच्च अदालतको पूर्ण वैठकको निर्णय अनुसार वैतनिक कानून व्यवसायीको माध्यमबाट ६० वर्ष भन्दा माथिका व्यक्ति, १६ वर्ष भन्दा मुनिका नाबालक तथा निर्धा र गरीवको मुद्दामा निःशुल्क कानूनी सहायता प्रदान गर्नका लागि वैतनिक कानून व्यवसायीको व्यवस्था गरियो। पछि वैतनिक कानून व्यवसायीको सेवालाई पुनरावेदन तथा जिल्ला अदालतमा समेत विस्तार गरिएको थियो। वैतनिक कानून व्यवसायीलाई अदालतका नियमावलीहरुद्वारा संस्थागत स्वरुप दिएर अगाडि बढाईएको छ। वर्तमान संविधानले निःशुल्क कानूनी सहायता प्राप्त गर्ने अधिकारलाई मौलिक हकको रुपमा संविधानमा उल्लेख गरेको छ र कानूनी सहायताका लागि छुट्टै ऐन नियम समेत बनेको तथा सो मा आवश्यक परिमार्जनको तयारी समेत भएको अवस्था छ।

## ६. कानूनी सहायताको अवधारणा, परिभाषा, स्वरुपहरु

### ६.१. अवधारणा

राज्यको शक्तिको अगाडि एउटा व्यक्ति निरिय रहन्छ र न्याय प्रणालीका विभिन्न निकायहरुबाट व्यक्तिको मौलिक एबं मानवीय हकहरु हनन् हुने सम्भावना रहन्छ। त्यसेले व्यक्तोको मौलिक मानवीय हकको संरक्षण गर्न न्यायका आधारभूत सिद्धान्तहरु विकसित भएको र त्यस मध्ये प्राकृतिक न्यायको सिद्धान्त एक हो। निष्पक्षता, स्वच्छ सुनुवाई, कानूनी परामर्शको अधिकार प्राकृतिक न्याय सम्बन्धी सिद्धान्तको आधारभूत तत्वहरु हुन्। स्वच्छ सुनुवाईमा प्रक्रियागत स्वच्छता, सुनुवाईको अवसर, प्रतिवादीको अवसर, प्रतिनिधित्वको अवसर हुनेछ भनी भनीएको छ। समानहरुको बीचको प्रतिस्पर्धा नै वास्तवमा प्रतिस्पर्धा हुने भएकाले कुनै मुद्दामा राज्य र यीनै मान्यता अनुरुप राज्य र अर्को पक्षलाई समान धरातलमा उभ्याई कानूनी लडाई लड्नकालागि कानूनी सहायताको अवधारणा विकास भएको हो।

कानूनी साहायता, विधिको शासन (rule of law) मा आधारित निष्पक्ष, स्वतन्त्र र दक्ष न्यायप्रणालीको एक महत्वपूर्ण तत्व हो। Fair trial, Equality before law and Right to counsel को अधिकार सँगै अन्य अधिकारहरुको उपभोग गर्ने आधारको रुपमा पनि कानूनी सहायतालाई लिईन्छ। कानूनी सहायता न्यायमा पहुँच पुर्याउने मुख्य औजारको रुपमा समेत रहेको देखिन्छ।

व्यक्ति तथा समुदायलाई कानूनी ज्ञान दिनुमात्र पर्याप्त हुँदैन। उपयुक्त कानूनी उपचार के हुने र त्यो बाटो कसरी प्रयोग गर्ने भन्ने बारेका कानूनी परामर्शको आवश्यकता पर्छ। साथै उसको तर्फबाट न्यायिक उपचारको खोजीका लागि प्रतिनिधित्व गर्ने कानूनको जानकार व्यक्ति अर्थात दक्ष कानून व्यवसायीको आवश्यकता हुन्छ। नागरिक आफैले सो सवैको आङ्कलन गर्न सक्ने भन्ने हुँदैन कानूनी समस्यामा परेका नागरिकहरु दक्ष पेसाकर्मी तथा कानून व्यवसायीबाट आफ्नो समस्याको बारेमा सल्लाह लिन सक्ने अवस्थामा हुनु जरुरी छ। यसका लागि कानुनी सहायता तथा कानूनी प्रतिनिधित्वको अधिकार संरक्षित गरिएकोछ।
कानूनी सहायता भन्नाले असमर्थ व्यक्तिलाई दिइने कानूनी राय सल्लाह सम्झनु पर्छ र सो शव्दले त्यस्तो असमर्थ व्यक्तिको तर्फबाट अड्डा अदालतहरुमा गरिने वहस पैरवी, लेखापढी तथा कानूनी कारवाहीका सम्बन्धमा गरिने अन्त सेवा समेतलाई जनाउछ।[23]

कानूनी सहायताको अवधारणा कल्याणकारी राज्य व्यवस्थामा कानुनी परामर्श दिने र मुद्दा स्वच्छ सुनुवाई गर्ने सिद्धान्तको आधारमा जनताको राजनीतिक, आर्थिक, समाजिक, साँस्कृतिक अधिकारहरुको सुरक्षा गर्ने सिलसिलामा विकास भएको हो। त्यसैले कानूनी सहायताको सिद्दान्त कल्याणकारी राज्यको अवधारणासँग घनिष्ठरुपमा जोडिएको छ। नागरिकहरुले आफ्ना अधिकारहरु उपयोग गर्न असमर्थ भएको अवस्थाममा राज्यले नै पारिश्रमिक दिने गरि प्रतिनिधित्वको व्यवस्था गर्ने हुँदा कानूनी सहायतालाई कल्याणकारी राज्यको अभिन्न अङ्गको रुपमा मनिने गरिएको

[23]दफा २(क), कानूनी सहायता ऐन, २०५४.

छ। निष्पक्ष सुनुवाई, समानता तथा परामर्श पाउने अधिकारको सुनिश्चित प्रयोग गर्दै जनताको न्यायमा पहुँच पुर्याउने सवैभन्दा मुख्य र प्रभावकारी माध्यमको रुपमा आज कानूनी सहायता रहेको छ। आज Legal Aid को विषय काल्याणकारी राज्यको अवधारणा मात्र नभएर सम्पूर्ण लोकतान्त्रिक व्यवस्था भएका मुलुकहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरुद्वारा अनिवार्य दायित्वको रुपमा रहेको छ। अस्पतालमा डाक्टरहरुले Medicare को रुपमा विरामीहरुको उपचारको लागि उपलव्ध भई सेवा दिए जस्तै वैतनिक कानून व्यवसायीहरुले पनि कम आय भएका र असमर्थ पक्षहरुलाई Staff Attorney को हैसियतमा Judicare को रुपमा कानूनी सहायता प्रदान गर्दै आएका छन्। यसको विकासक्रममा Charter of liberties को रुपमा चिनिने Magna Carta मा उल्लेखित "To no man will we deny, to no man will we sell, or delay justice or right". वाक्यांश सान्दर्भिक छ।यस्तै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (ICCPR), १९६६को धारा १४(३) ले पनि कानूनी प्रतिनिधित्वको सुनिश्चित गरेको छ। १९६८ मा तेहेरानमा भएको राष्ट्र संघको मानव अधिकार( UN Conference on Human Rights) सम्बन्धी सम्मेलनले गरीवहरुलाई कानूनी सहायता प्रदान गर्नुपर्ने कुरालाई राज्यको दायित्वको रुपमा जोड दिएको पाइन्छ।

उन्नाईसौ शताव्दीमा कन्टिनेन्टल यूरोपियन मुलुकहरुमा चलेको Right to counsel and Right to Fair Trial अभियानबाट नै legal Aid को अवधारणाको शुरुवात भएको हो। त्यतिबेला Poor man's law ले गरीवहरुको लागी अदालती शुल्क मिनाहाको व्यवस्था गरेको थियो। सिभिल ल प्रणाली र कमन ल प्रणाली भएका मुलुकहरुमा फरक फरक किसिमले legal aid लाई व्याख्या र अवलम्वन गरिँदै आएको छ। सिभिल ल प्रणाली अन्तर्गतका मुलुकहरु civil proceedings मा right to counsel लाई वढी जोड दिएको अवस्था छ। तर कमन ल प्रणाली अपनाउने मुलुकहरुमा मुख्यतःRight to counsel र legal aid फौजदारी मुद्दाहरुमा प्रदान गरिँदै आएको छ।

## ६.२ अन्तर्राष्ट्रिय कानूनहरुद्वारा गरिएको व्यवस्था

कानूनी सहायता सम्बन्धी व्यवस्था विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरुले गरेको पाईन्छ। संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रले कानूनको द्दष्टिमा सवै समान छन् र विना भेदभाव सबैलाई कानूनद्वारा समान संरक्षणको हक प्राप्त हुनेछ,[24] सवैलाई संविधान वा कानूनद्वारा प्रदत्त मौलिक हकको उल्लङ्घन विरुद्ध सक्षम राष्ट्रिय अदालतवाट प्रभावकारी उपचार पाउने हक हुनेछ,[25]प्रत्येक व्यक्तिलाई आफ्नो अधिकार र दायित्व निर्धारण गर्न वा फौजदारी अभियोग लागेको अवस्थामा स्वतन्त्र र निष्पक्ष अदालतबाट स्वच्छ र सार्वजनिक सुनुवाई हुने पूर्ण र समान अधिकार हुनेछ।[26] राष्ट्र संघीय मानव अधिकार समिति १९८४ को सामान्य टिप्पणी नं १३ मा कानूनी

[24]Art. 7, UDHR 1948.
[25]Art. 8, UDHR 1948.
[26]Art 10, UDHR 1948.

सहायाताको बारे अझ प्रष्ट व्यवस्था गरेकोछ।यसमा भनिएको छः every person has right to be legally represented before the adjudicating authority even if he/she does not have sufficient means to pay for legal assistance. फौजदारी अभियोगलागेको सन्दर्भमा वा अधिकार वा दायित्वको निर्धारण गर्दाको अवस्थामा स्वच्छ र सक्षम अदालत वा निकायबाट सुनुवाई हुने अधिकार नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्रले व्यवस्था गरेकोछ।[27] त्यस्तै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी समितिको सामान्य टिप्पणी नं १३ ले प्रत्येक "व्यक्तिको स्वच्छ र सार्वजनिक सुनुवाईको अधिकार स्वतन्त्र र निष्पक्ष अदालतबाट सुनिश्चित गरिने छ,[28]प्रत्येक व्यक्ति अदालत तथा न्यायधिकरणको अगाडि समान हुनुका साथै उनीहरुको स्वच्छ सुनुवाईको अधिकार पनि हुनेछ भनी व्यवस्था गरेको पाईन्छ।[29] यसै गरी ईस्तानबुल घोषणापत्रले न्यायपालिकाले न्यायप्रणालीमा पहुँच पुर्याउनुपर्ने जस अन्तर्गत फौजदारी अभियोग लागेका व्यक्तिको अधिकारको सुनिश्चितातका लागी public Defender को कार्यालय स्थापना गर्नुपर्ने, फौजदारी अभियोग लागेको, आर्थिक रुपले असमर्थ व्यक्तिको अदालतमा कानूनी प्रतिनिधित्वका लागी स्वेच्छिक निःशुल्क कानूनी सेवा प्रदान गर्नुपर्ने,कानूनी सेवा प्रदान गर्न legal Aid Clinicहरु स्थापना गर्न प्रोत्साहित गर्नुपर्ने भनी व्यवस्था गरिएकोछ।[30]

## ६.३ कानूनी सहायताका स्वरुपहरु

### ६.३.१ निःशुल्क कानूनी सहायता

कानूनी राज्यको सिद्धान्त बमोजिम नेपालको संविधानको भाग ३ धारा २०(९) मा स्वच्छ सुनुवाईको हक तथा धारा २०(१०) मा नि शुल्क कानूनी सहायता पाउने हक मौलिक हकको रुपमा प्रत्याभूत गरिएको छन्। आर्थिक र सामाजिक कारणबाट आफ्नो कानूनी हक हितको संरक्षण गर्न नसक्ने गरिव, विपन्न, आर्थिक रुपले पछाडि पारिएका न्यायमा पहुँच नभएका असमर्थ व्यक्तिहरुका लागि निशुल्क कानूनी सहायता गर्न, कानूनी सहायता सम्बन्धी, २०५४ को व्यवस्था समेत भई सोही समयदेखि जिल्ला जिल्लामा कानूनी सहायता समिति क्रियाशिल रहेका छन्। कानुनी सहायता सम्बन्धी नियामावली, २०५५ को नियम १० अनुसार वार्षिक चालिस हजार रुपौया भन्दा कम आय

---

[27] Art 14, ICCPR 1966.

[28] UN Committee on Civil, Political Rights (CPR), *General Comment No. 13: Equality before the courts and the right to a fair and public hearingby an independent court established by law (Art. 14 of the Covenant)*, 11 August 2000, E/C.12/2000/4, available at: https://www.refworld.org/docid/4538838d0.html [accessed 22 April 2021]

[29] UN Human Rights Committee (HRC), *General comment no. 32, Article 14, Right to equality before courts and tribunals and to fair trial*, 23 August 2007, CCPR/C/GC/32, available at: https://www.refworld.org/docid/478b2b2f2.html [accessed 22 April 2021].

[30] Principle 3, The Istanbul Declaration .(2018), available at: https://www.icj.org/wpcontent/uploads/2015/03/I--stanbul-Declaration.pdfhttps://www.icj.org/wp-content/uploads/2015/03/I--stanbul-Declaration.pdf.

हुने व्यक्तिलाई गाउँ विकास समितिबाट भएको सिफारिसका आधारमा लिल्ला कानूनी सहायता मितिबाट यस प्रकारका निःशुल्क कानूनी सहायता दिँदै आएको देखिन्छ।

### ६.३.२ वैतनिक कानून व्यवसायीबाट कानूनी सहायता

नेपालमा सन् १९९८ (बि.स २०१४) देखि वैतनिक कानून व्यवसायीबाट  आफ्नो कानूनी हक हितको संरक्षण गर्न नसक्ने गरीव, विपन्न, आर्थिक रुपले पछाडि पारिएका न्यायमा पहुँचका लागि असमर्थ व्यक्तिहरुका लागि कानूनी सहायता गर्ने प्रणाली प्रारम्भ भई निरन्तर रुपमा त्यस प्रकारको सहयोग हुँदै आएको पाईन्छ।हाल देशभरीका सबै जिल्ला र उच्च अदालतहरुमा १,१ जना तथा सर्वोच्च अदालतमा २ जना वैतनिक कानून व्यवसायीहरु कार्यरत रहनु भएको देखिन्छ। यो सेवाको उपलब्धता स्थानीय तह तथा अन्य न्यायाधिकरण र अर्ध न्यायिक निकायहरुमा हुन सकेको पाईदैन।

### ६.३.३ स्वेच्छिक निशुल्क कानूनी सेवा (प्रो वोनो सेवा)

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १४६, उच्च अदालत नियमावली, २०७३ को नियम १५७(ग) र जिल्ला अदालत नियमावली, २०७५ को नियम १०४ मा स्वेच्छिक कानूनी सहायता सम्बन्धी व्यवस्था गरी असहाय, अशक्त, नाबालक, आर्थिक रूपमा विपन्न वा थुनामा रहेका मुद्दाका पक्षहरूलाई स्वेच्छिक कानूनी सहायता सेवा उपलब्ध गराउन अदालतले आवश्यक व्यवस्था मिलाउन सक्नेछ भनी व्यवस्था भएको र स्वेच्छिक  निशुल्क कानूनी सेवा (प्रोवोनो) सम्बन्धी निर्देशीका, २०७५ जारी भई कार्यान्वयन भैरहेको अवस्था छ।

### ६.३.४ सरकारी एबं गैरसरकारी संस्थाद्वारा कानूनी सहायता

कानूनी सहायता उपव्ध गराउने सरकारी निकायको रुपमा अदालतबाट वैतनिक कानून व्यवसायी मार्फत प्रदान हुँदै आएको सेवा र राज्यको तर्फबाट कानूनी सहायता सम्बन्धी ऐन,२०५४ बमोजिम हरेक जिललामा गठित जिल्ला कानूनी सहायता समितिहरु र केन्द्रमा केरन्द्रीय कानूनी सहायता समिति मार्फत प्रदान हने कानूनी सहायता रहेका छन्। यसै गरी विभिन्न गैरसरकारी संस्थाहरु जस्तै महिला कानून र विकास मञ्च,माईती नेपाल, साथी, रक्षा नेपाल जस्ता संस्थाहरुबाट पनि निःशुल्क कानूनी सहायाता प्रदान गरी विभिन्न प्रयास गरिएको छ।

## ७. वैतनिक कानून व्यवसायी र निःशुल्क कानूनी सहायताको अवस्था

२०७२ सालमा जारी भएको नेपालको संविधानको धारा २०को उपधारा(१०) ले असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क सहायता पाउने हक हुने व्यवस्था गरेको छ।राज्यको सिद्धान्त अनुरुप सबैलाई समान रुपमा न्याय उपलब्ध गराउन आवश्यक भएकोले आर्थिक र सामाजिक कारणबाट आफ्नो हकहितको संरक्षण गर्न नसक्ने असमर्थ व्यक्तिका लागि आवश्यक सहायता उपलब्ध गराउने

उद्देश्यले कानुनी सहायता सम्बन्धी ऐन, २०५४ जारी भएको छ।सर्वोच्च अदालत नियमावली, २०७४, नियम १४४, उच्च अदालत नियमावली, २०७३ को नियम १५७(क)(ख)र जिल्ला अदालत नियमावली, २०७५ नियम १०१ ले निःशुल्क कानूनी सहायता उपलब्ध गराउने सम्बन्धमा वैतनिक कानुन व्यवसायीको सेवा बारे विस्तृत व्यवस्था गरेकोछ।

सर्वोच्च अदालतको पहलमा २०१५ साल देखि कानूनी सहायता कै एक अभिन्न अंगको रुपमा रहेको वैतनिक कानून व्यवसायीको सेवा प्रदान हुँदै आएको अवस्था थियो।२०१५साल असार १२ गतेको सर्वोच्च अदालतको फूलकोर्ट को निर्णय अनुसार थुनुवा, ६० बर्ष नाघेका वृद्ध वृद्धा र १६ बर्ष मुनिका नाबालकहरु र गरिबहरु लाई सहायता प्रदान गर्न थालिएको थियो।सर्वोच्च अदालतबाट **यज्ञमूर्ति वन्जाडे वि. वाग्मती विशेष अदालत, लिलामणी पौडेल वि. मन्त्रिपरिषद् सचिवालय समेत, अधिवक्ता सोम प्रसाद लुईंटेल वि नेपाल सरकार** समेत भएका विभिन्न मुद्दाहरु मा कानूनी सहायतालाई अपरिहार्य तत्वको रुपमा स्वीकार गरेको पाईन्छ।हाल अदालतको नियमित संरचना अन्तर्गतका सर्वोच्च, उच्च र जिल्ला अदालतहरुमा वैतनिक कानून व्यवसायीहरु कार्यरत रहेको अवस्था छ।

कानूनी सहायता सम्वन्धी ऐन, २०५४ को दफा ७ र सो ऐनले दिएको अधिकार प्रयोग गरी जारी भएको कानूनी सहायता सम्वन्धी नियमावली, २०५५ को नियम १० ले आफ्नो हक हितको संरक्षण गर्न नसक्ने असमर्थ व्यक्तिले अड्डा अदालतहरुमा गरिने बहसपैरवी, लेखापढी रायसल्लाह लगायतका सहायताकोलागि माग गरेमा र त्यस्तो सहायता माग गर्ने व्यक्तिको वार्षिक आय रु. चालीस हजार रुपैयाँसम्म भए मा जिल्ला कानूनी सहायता समितिले सहायता उपलव्ध गराउने व्यवस्था गरेकोछ।यसैगरी नेपाल सरकार, न्यायपालिका, नेपाल बार एसोसिएशन तथा अन्य निकाय बाट निशुल्क कानूनी सहायताको गुणस्तरमा अभिबृद्धी गर्न र यसको दायरा विस्तार गरी कानूनी सहायता सेवा प्रवाहमा प्रभावकारी तुल्याउनु पर्ने आवश्यकता भएकाले एकीकृत कानूनी सहायता नीति, २०७६ बनेकोछ।

न्यायपालिकाको चौथो पञ्चेवर्षीय रणनीतिक योजनाले कानूनी सहायतालाई प्रभावकारी बनाउन बैतनिक कानून व्यवसायीको सेवा सम्बन्धी निर्देशिकालाई पुनरावलोकन गरी थप प्रभावकारी बनाउने, स्वेच्छिक निशुल्क कानूनी सेवा सञ्चालन निर्देशिका कार्यान्वयन गर्ने तथा स्वेच्छिक निशुल्क कानूनी सेवा प्रदान गर्ने कानून कार्यान्वयन गर्ने कानून व्यवसायीहरुको सूची अद्यावधिक गरी विद्युतिय माध्यम तथा अदालत र वार एशोसिएसनको सूचना पाटीमा प्रकाशन गर्ने लगायतका कार्य गर्ने लक्ष्य राखेको छ।

निःशुल्क कानूनी सहायतालाई कसरी बिस्तार गर्ने र पीडित समक्ष पुरयाउने भन्ने सन्दर्भमा सर्वोच्च अदालत, न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना २०७७/०७८ ले न्यायमा पहुँच सुनिश्चतताका

लागि प्रभावकारी सहयोग प्रणाली (support System) को विकास गर्ने लक्ष्य हासिल गर्नका लागि अन्य कार्यक्रमका अतिरिक्त वैतनिक कानून व्यवसायीको सेवालाई थप प्रभावकारी र विस्तार गर्ने कार्यक्रम तय गरेको छ।

## ८. कानूनी सहायता आवश्यक पर्ने लक्षित वर्गहरु

नेपालको संविधानको धारा १८ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांशमा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायतका नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी कानूनी सहायता ऐन, २०५४ ले ४० हजार रुपैयाँ वार्षिक आय भन्दा कम आय भएको व्यक्ति कानूनी सहायता प्राप्त गर्न योग्य व्यक्ति मानिएको छ।

सर्वोच्च अदालत नियमावली, २०७४, नियम १४४(ख) उच्च अदालत नियमावली, २०७३ को नियम १५७ र जिल्ला अदालत नियमावली २०७५, नियम १०२(२)(ख) ले, कानूनी सहायता प्राप्त गर्न नसकेको असहाय, अशक्त, नाबालक वा आर्थिक रुपमा विपन्न वा थुनुवा मानिस मुद्दाको पक्ष भएबाट वैतनिक कानून व्यवसायीद्वारा कानूनी सहायता उपलव्ध गराउनुपर्ने भनी व्यवस्था गरिएको छ।

एकीकृत कानूनी सहायता नीति, २०७६ मा निशुल्क कानूनी सहायता पाउने मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्न आर्थिक तथा सामाजिक कारणबाट आफ्नो कानूनी हकहित संरक्षण गर्न असमर्थ पक्षलाई सहज रुपमा गुणस्तरिय कानूनी सहायता उपलव्ध गराउने उद्धेश्यअनुरुप आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका देहायका व्यक्तिले आफू असमर्थ पक्ष भनी दिएको निवेदनको आधारमा निजको असमर्थताको पहिचान गरी निजलाई निःशुल्क कानूनी सहायता उपलव्ध गराउने रणनीति लिईएको छः

क. महिला
ख. दलित
ग. आदिवासी जनजाति
घ. मधेशी
ङ. थारु
च. अल्पसङ्ख्यक

छ. अपाङ्गता भएका व्यक्ति
ज. सीमान्तकृत
झ. मुस्लिम
ञ. पिछडा वर्ग
ट. लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक
ठ. आर्थिक रुपले विपन्न खस आर्य
ड. श्रमिक, किसान, उत्पीषित वा पिछडिएका क्षेत्रका नागरिक

## ९. कानूनी सहायता उपलव्ध गराउने सम्बन्धमा गरिएका कानूनी व्यवस्थाहरु

### ९.१. संविधान

आर्थिक सामाजिक रुपमा पछि परेका व्यक्तिहरुको न्याय प्रणालीमा सहज पहुँच पुर्याउन र आफू विरुद्धको मुद्दामा आफ्नो प्रतिरक्षाको लागि निजि कानून व्यवसायी नियुक्त गर्न नसक्ने असमर्थ पक्षलाई निःशुल्क कानूनी सेवा पाउने मौलिक हक रहने व्यवस्था नेपालको संविधान मा गरिएको छ।[31] असमर्थ पक्षलाई कानूनमा व्यवस्था भए बमोजिम निशुल्क कानूनी सेवा पाउने हक हुनेछ। त्यसै गरी पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयमा नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने हक हुनेछ,त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ र त्यस्तो व्यक्तिलाई आफ्नो कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन[32]।

### ९.२. कानूनी सहायता ऐन, २०५४ र कानूनी सहायता नियमावली, २०५५

असक्षम, गरिव तथा असमर्थ पक्षलाई सहयोग गर्ने उद्देश्यले प्रस्तुत ऐन आएको देखिन्छ । कानूनी सहायता सम्बन्धी ऐन, २०५४ अनुसार कानूनी सहायता समितिको निर्णयबमोजिम बार्षिक रूपमा चालिस हजारभन्दा कम आय भएका व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउने लगायतको व्यवस्था गरेको पाइन्छ। लैङ्गिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरूलाई आयको सीमाहद नलाग्ने गरिएको छ । अन्य विशेष ऐनमा भएको व्यवस्था बमोजिम पनि कानूनी सहायता सम्बन्धी व्यवस्था लागू हुन्छ। अदालतमा पनि कानूनी सहायता अन्तर्गत बैतनिक वकीलको व्यवस्था गरिएको छ। कानूनी सहायता सम्बन्धी नियमावली, २०५५ समेत जारी भई लागू भैरहेको अवस्था छ । कानुनी सहायता प्राप्त गर्न दरखास्त दिनुपर्ने, वर्षिक चालिस हजार रुपैँया भन्दा वढी आय हुने व्यक्तिलाई

[31] धारा २०(१०), नेपालको संविधान

[32] धारा २०(२), नेपालको संविधान

समितिले कानूनी सहायता उपव्ध नगराईने। कानूनी सहायता वापतको खर्च सोधभर्ना व्यहोर्नुपर्ने लगायतका व्यवस्था गरिएको छ।

## ९.३.जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३

कुनै ज्येष्ठ नागरिकले आफ्नो आर्थिक अवस्था कमजोर भएकोले मुद्दाको प्रतिरक्षा गर्न कानून व्यवसायी नियुक्त गर्न नसक्ने भनी अदालतसमक्ष निवेदन दिएमा सम्बन्धित अदालतले निजको लागि वैतनिक कानून व्यवसायीको सेवा उपलब्ध गराइदिनु पर्नेछ भनी व्यवस्था गरीएको छ।[33]

## ९.४. बालबालिका सम्बन्धी ऐन २०७५

पीडित बालबालिकालाई अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियाको हरेक चरणमा न्यायको अधिकार अन्तर्गत निशुल्क कानूनी सहायता तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा पाउने र चाहेमा अलग्गै कानून व्यवसायी राख्न पाउने भनी व्यवस्था गरिएको छ।[34]

## ९.५. अन्य

घरेलु हिंसा( कसूर र सजाय) ऐन, २०६६ तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लगायतका ऐनहरुमा पीडित व्यक्तिलाई निःशुल्क कानूनी सहायता उपलव्ध गराउने गरी विशेष व्यवस्था गरिएको छ।साथै राष्ट्रिय महिला आयोग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको तर्फ समेतबाट निःशुल्क कानूनी सहायता उपलव्ध गराउँदै आएको पाईन्छ।

## ९.६. सर्वोच्च अदालत नियामावली, २०७४ उच्च अदालत नियामावली, २०७३ जिल्ला अदालत नियमावली, २०७५

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १४४, उच्च अदालत नियमावली, २०७३ को नियम १५७(क)(ख)र जिल्ला अदालत नियमावली, २०७५ नियम १०१ मा कानूनी सहायताका लागि वैतनिक कानून व्यवसायीको व्यवस्था गरिएको छ। कानूनी सहायता प्राप्त गर्न नसकेको असहाय, अशक्त, नाबालक वा आर्थिक रुपमा विपन्न वा थुनुवा मानिस मुद्दाको पक्ष भएबाट कानूनी सहायता उपलव्ध गराउन आवश्यक देखिएमा अदालतले तोकिए बमिजिमको मुद्दामा आवश्यक कानूनी लिखत तयार

---

[33] दफा १०, जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३

[34] दफा २५(ङ) बालबालिका सम्बन्धी ऐन , २०७५

गर्ने, बहस पैरवी गर्ने जस्ता कानूनी सहायता पुर्याउनु वैतनिक कानून व्ययवसायीको कर्तव्य हुने व्यवस्था नियमावलीहरुमा गरिएकोछ।

त्यसै गरी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १४६, उच्च अदालत नियमावली, २०७३ को नियम १५७(ग) र जिल्ला अदालत नियमावली, २०७५ नियम १०४ मा स्वेच्छिक कानुनी सहायता सम्बन्धी व्यवस्था गरी असहाय, अशक्त, नाबालक, आर्थिक रुपमा विपन्न वा थुनामा रहेका मुद्दाका पक्षहरुलाई स्वच्छिक कानुनी सहायता(प्रोवोनो)सेवा उपलव्ध गराउन अदालतले आवश्यक व्यवस्था मिलाउन सक्नेछ भनी व्यवस्था पनि गरेको छ।सोही अनुरुप सर्वोच्च अदालतले स्वच्छिक कानुनी सहायता (प्रो वोनो) सेवा सम्बन्धी निर्देशिका २०७६ जारी गरेको छ।

## ९.७. एकीकृत कानूनी सहायता नीति, २०७६

कानूनी सहायता ऐन २०५४, कानूनी सहायता नियमावली २०५५ लागू भैरहेको, वैतनिक कानून व्यवसायी मार्फत पनि निःशुल्क कानूनी सहायता उपलब्ध गराउदै आएको, स्वेच्छिक निःशुल्क कानूनी सहायता निर्देशिका लागु भैसकेको र यसरी कानूनी सहायताको क्षेत्र बिस्तार भैसकेको अवस्थामा छरिएर रहेका कानूनी सहायता सम्बन्धी व्यवस्थाहरुलाई एकीकृत गर्न आवश्यक भएको हुँदा कानूनी सहायतालाई थप प्रभावकारी र पारदर्शी बनाउन आवश्यक भएको कारणले एकीकृत कानूनी सहायता नीति, २०७६ लागू भएको हो।

## १०.कानूनी सहायता सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास

### १०.१. वेलायत

Legal Aid and Advice Act 1949 प्रचलनमा आएपछि वेलायतमा कानूनी सहायताको शुरुवात भएको हो।वेलायतमा कानूनी सहायताहरु legal service Commission मार्फत व्यवस्थित छ।वेलायतको police and criminal Evidence Act, 1984 को दफा ५८(१) मा a person arrested and held in custody in a police access to station or other premises shall be entitled, if he so requests to legal advice, consult a solicitor privately at any time भनी उल्लेख गरिएको छ। त्यसैगरी मानव अधिकार ऐन,१९९८ ले आफूले रोजेको कानूनी सहायता मार्फत प्रतिरक्षा गर्न सक्ने व्यवस्था गरिएको छ।[35]कानूनी सहायता देवानी र फौजदारी दुवै मुद्दामा उपलव्ध छ।

### १०.२. भारत

भारतको असमर्थपक्षहरुको लागी काननूनी सहायता प्राप्त गर्ने संवैधानिक हक छ। संविधानको धारा ३९(क) ले Equal Justice र निःशुल्क कानूनी सहायताको बारेमा व्यवस्था गरेकोछ।यो

[35]धारा ६.३(ग), मानव अधिकार ऐन,१९९८

व्यवस्थाले कानूनी सहायतालाई inalienable element of reasonable, fair and just procedure को रुपमा स्वीकार गरेकोछ जस्ले आर्थिक वा अन्य कारणले असक्षम व्यक्तिहरुलाई न्यायमा पहुँचका लागि सहयोग गर्न सक्ने अवस्था रहनेछ। त्यसै गरी धारा २२ मा फौजदारी अभियोग लागेका व्यक्तिले आफूले रोजेको कानून व्यवसायीसँग परामर्श गर्न पाउँने अधिकारलाई मौलिक हकको रुपमा उल्लेख गरिएको छ। legal Service Authorities Act, 1987 ले कमजोर र पीछडिएका व्यक्तिहरुलाई निःशुल्क कानूनी सहायता उपलव्ध गराउन आर्थिक वा अन्य कारणबाट सिर्जित कमजोरीका कारण न्यायिक प्रक्रियामा सहभागी हुनबाट कसैलाई पनि वञ्चित हुन नपरोस् भन्ने उद्देश्य राखेको पाईन्छ।

### १०.३. यूरोपियन यूनियन

यूरोपियन यूनियनको मौलिक हकहरु सम्बन्धी वडापत्रको धारा ४७ ले असमर्थ पक्षहरुलाई न्यायमा पहुँचको सुनिश्चितताको लागि कानूनी सहायता उपलव्ध गराउने व्यवस्था गरेको छ।

### १०.४. संयुक्त राज्य अमेरिका

अमेरिकाको एक चर्चित मुद्दा ***मिराण्डा बि एरिजोना,*** १९६६ मा अमेरिकी सर्वोच्च अदालतले कानून व्यवसायीसँगको परामर्शलाई अधिकारको रुपमा उल्लेख गरेको छ। अमेरिकी संविधानको छैठौ संशोधनले आत्मसाथ गरेको due Process Clause ले पनि Right to counsel को अवधारणालाई आत्मसाथ गरेकोछ। अमेरिकामा वैतनिक कानून व्यवसायीहरु (lawyers are employed on salary solely) नियुक्त भएका हुन्छन् जसले "staff attorney" को रुपमा कानूनी उपचार उपलव्ध गराई पक्षहरुलाई सेवा दिन्छन्। Community legal clinic को रुपमा रहेका थुप्रै गैर मुनाफामुखी संस्थाहरुले कानूनी सहायता प्रदान गर्दै आएका छन्।

### १०.५. जर्मनी

रोजगारी, प्रशासनिक, संवैधानिक, सामाजिक लगायतका देवानी मुद्दाहरुमा Legal Advice Scheme Act (Advice and, where necessary representation ) अन्तर्गत कानूनी सहायता प्रदान गरिदै आएको छ। तर फौजदारी र प्रशासनिक मुद्दाहरुमा कानूनी प्रतिनिधित्व उपलव्ध नगराई कानूनी परामर्श मात्र दिइन्छ।

## ११. कानूनी सहायता सम्बन्धी न्यायिक दृष्टिकोण

### ११.१. यज्ञमूर्ति बन्जाडे वि बागमती विषेश अदालत[36]

[36]ने.का.प.२०६२ अंक १० नि.नं १८ पृष्ठ १२०.

तत्कालिन सरकारको अनुमति नलिई ने. वि. संघ नामक संस्था खोलेको आरोपमा अधिकार नै नभएको निकायले गैरकानूनी रुपमा विना पक्राउ पुर्जी पक्राउ गरी कारवाही गरी थुनामा राखे उपर पर्न आएको वन्दिप्रत्यक्षिकरण मुद्दामा सर्वोच्च अदालतले रिट जारी गर्दै निम्न सिद्धान्त प्रतिपादन गरेको पाईन्छ।

**आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने अधिकारबाट वञ्चित गरिने छैन भन्ने मौलिक हक भएको र त्यस्तो मौलिक हक हनन् हुने जस्तो कुरामा कानून व्यवसायी राख्न पाउनुहुन्छ भन्नु पर्नेमा कानून व्यवसायी राख्न पाउँ भनेको थिएनन् भन्नु न्यायोचित नहुने।**

### ११.२. लिलामणी पौडेल विरुद्ध मन्त्रीपरिषद् सचिवलाय समेत[37]

कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा ३(२) र कानूनी सहायता सम्बन्धी नियमावली,२०५५को नियम ६ को उपनियम(२) संविधानको धारा ११(१) सँग वाझिएकाले सो बाझिएको हदसम्म अमान्य, शुन्य र निश्क्रिय घोषित गरिपाउँ भनी निवेदन मागदावी भएको प्रस्तुत मुद्दामा सर्वोच्च अदालतद्वारा निम्न सिद्धन्त प्रतिपादन गरेको पाईन्छ।

**मुलुकले आर्थिकरुपले सम्पन्न र कानूनी प्रक्रियाका जानकार वर्ग मात्र आदालती प्रतिद्वन्द्वमा सरीक हुन सक्षम हुने तथा गरीव तथा असहाय र निमुखाहरु राज्यद्वारा स्थापित न्याय प्रशासनिक संयन्त्रको पहुँच बाहिर रहनु सक्षम न्यायपालिकाको विशेषता नहुँदा न्याय प्रणालीमा सवैको लागि पहुँच दिलाउन एवं कानूनी प्रतिरक्षा र प्रतिनिधित्व विहिन स्थितिको अन्त्य गरी निश्पक्ष न्याय दिलाउनय राज्यको कर्तव्य हो।**

**असमर्थ पक्षलाई कानूनी सहायता उपलव्ध गराउने उद्देश्यले ऐनको निर्माण भएकाले कानूनी सहायता माग गर्न आउने व्यक्ति मध्येको असमर्थ हो कि समर्थ हो छुट्याउनु पर्ने नै हुन्छ।कानूनी सहायता सम्बन्धी ऐन, २०५४ बमोजिम असमर्थ छुट्याउने साधिकार निकायको रुपमा जिल्ला कानूनी सहायता समितिको व्यवस्था गरी उक्त समितिलाई अधिकार प्रदान गरेको र उक्त समितिले समर्थ, असमर्थको मापदण्ड अनुसार निर्णय गर्नुपर्ने भएकाले कानूननमा भएको त्यस्तो व्यवस्था संविधानसँग बाझिएको नदेखिने।**

### ११.३. रविन्द्र भट्टराई विरुद्ध मन्त्रीपरिषद् सचिवालयसमेत [38]

यातना सम्बन्धि क्षतिपूर्ति ऐन, २०५३ को दफा १० संविधानको धारा १४, ११०, ११६(१), यातना तथा अन्य क्रुर आमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धी, १९८४ र स्वयं यातना

[37]ने.का.प. २०६० अंक ५ नि. नं.७२१४ पृ ३५४.
[38]ने.का.प. २०५५ अंक ११ नि. न. ६६२२ पृ ६१५.

सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को अन्य प्रावधानहरुसँग वाझिएकाले वाझिएको हद सम्म अमान्य, शुन्य र निष्क्रिय घोषित गरिपाउँ भनी निवेदन मागदावी भएको प्रस्तुत मुद्दामा सर्वोच्च अदालतद्वारा निम्न सिद्धान्त प्रतिपादन गरेको पाईन्छ।

**कुनै व्यक्ति अभियोग प्रमाणित नभएसम्म निज वेकसूर मानिनेछ (A man is presumed innocent until proved guilty) भन्ने फौजदारी न्यायको सिद्धान्तको मूलभूत मान्यता रही आएको सन्दर्भमा अभियोग लाग्ना साथ त्यो व्यक्तिलाई कासूरदार मानु न्यायोचित होइन। प्रतिरक्षा गर्न पाउँने र आफ्नो प्रतिनिधित्व गर्न पाउँने कुरा प्राकृतिक न्यायको मूलभूत सिद्धान्त नै हो। कानूनी सहायता प्रत्येक नागरिकले पाउँनु पर्छ भन्ने आधुनिक विधिशास्त्रको प्रमुख विचारधार स्थापित भइसकेको छ र आर्थिक रुपले सक्षम सरकारहरुले आफ्नो प्रतिनिधित्व गर्ने असमर्थ पक्षका तर्फवाट सहायता गर्ने व्यवस्था गरेको पाइन्छ।**

### ११.४. सोमप्रसाद लुईटेल वि नेपाल सरकार[39]

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(५) र ICCPR अनुसार हिरासतमा रहेको गरिव र असमर्थ व्यक्तिलाई निशुल्क कानूनी सहायता प्रदान गर्नु राज्यको दायित्व अन्तर्गत पर्ने सिद्धान्त सर्वोच्च अदालतले प्रतिपादन गरेको छ।

**संविधानले न्याय सम्बन्धी हकमा निर्धारण गरेको दायित्व पूरा गर्न राज्यले आफ्नै प्रयासमा थुनामा परेको व्यक्तिलाई कानूनी परामर्श र कानून व्यवसायीको प्रतिनिधित्व गर्न पाउने व्यवस्था निःशुल्क रुपमा उपलव्ध गराउनु पर्दछ।**

## १२.कानूनी सहायता सम्बन्धी उठेका सवालहरु

- कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा ३ मा कनूनी सहायता प्राप्त गर्ने व्यक्ति सम्बन्धी व्यवस्था छ भने दफा ५ मा कानून व्यवसायीहरुको सूचि र पारिश्रमिक सम्बन्धी व्यवस्था छ। त्यसैगरी कानूनी सहायता सम्बन्धी नियमावली, २०५५ को नियम ३ मा कानूनी सहायता प्राप्त गर्न दरखास्त दिनुपर्ने ऐ को नियम ४ मा जाँच बुझ सम्बन्धी व्यवस्था गरेको छ। तर कानूनी सहायताको लक्ष अनुरुप तोकेको स्तर सम्म सेवा पुग्न नसकेको र कानून व्यवसायीकोको नियुक्तिमासमेत निष्पक्ष र पारदर्शी हुन सकेको छैन र अनुभवी अधिवक्ताहरुलाई यस पेशा तर्फ आकर्षित गर्न सकिएको छैन् ।
- कानूनी सहायता समितिबाट प्रदान गरिने कानूनी सेवा पनि सबै असमर्थ पक्षले पाउन सकिरहेको छैन, स्थानीय निकायबाट असमर्थ पक्षको शिफारिस ल्याएमा जो सुकैले पनि सो

[39]रिट नं ०६२-WS-३२७५ आदेश मिति १०६४।१०।२३.

सेवा लिन पाउँछ। असमर्थता सम्बन्धी स्पष्ट मापदण्ड नभएका कारण सो सेवा प्रभावकारी हुनसकेको छैन।

- अदालती प्रक्रियामा प्रदान गरिने निःशुल्क कानूनी सेवा सबै असमर्थ पक्षले उपभोग गर्न पाइरहेका छैनन्। अदालत तथा अन्य संयन्त्रले प्रदान गर्ने गरेको निःशुल्क कानूनी सेवाका बारेमा सर्वसाधारण सवै नागरिकहरुलाई जानकारी छैन। वास्तविक सूचनाको अभाव कारण असमर्थ पक्ष स्वयमं उक्त सेवा लिन सक्दैनन्। लक्षित वर्गलाई आफ्नो अधिकार सम्बन्धी बिद्यमान कानूनी व्यवस्था, उपचार र नशुल्क कानूनी सहायताको बारेमा जानकारी नैनभएको अवस्थामा न्यायमा पहुँच टाढाको कुरा हुने भएकोछ।
- खासगरी सरकारवादी फौजदारी मुद्दामा प्रतिवादीको बयानको क्रममा वा पेशीको दिनमा निजी कानून व्यवसायी राखेको नदेखिएमा अदालतमै वैतनिक वकिलको व्यवस्था गरी निःशुल्क कानूनी सेवा प्रदान गर्ने गरेको छ। असमर्थ पक्षले आफू स्वयमं असमर्थ भएकाले वैतनिक कानून व्यवसायीमार्फत कानूनी सेवा उपलव्ध गराई पाउँ भनि निवेदन दिएर कानूनी सेवा  लिने गरेको व्यवहारमा कमै पाईने देखिएकोछ।
- असमर्थ पक्षलाई निःशुल्क कानूनी सेवा प्रदान गर्ने उद्देश्यले सवै तहका अदालतहरुमा वैतनिक कानून व्यवसायीक व्यवस्था गरिएकोछ, असमर्थ पक्षका न्यायका लागि बनेका संयन्त्रहरु क्रियाशील रहेको अवस्थामा पनि असमर्थ र असक्षम पक्षले निःशुल्क रुपमा कानूनी सेवा पाइरहेका छैनन्।
- वैतनिक कानून व्यवसायी, कानूनी सहायता समिति लगायतका संयन्त्रहरुमार्फत प्रदान गरिने निशुल्क कानूनी सेवा, पहिले  सेवा लिन अउने पक्षले मात्र पाउँने, कुनै मुद्दाका दुवै पक्षले निःशुल्क कानूनी सेवा माग गरेका खण्डमा पछि आउने असमर्थ पक्षले प्राविधिक कारणबाट निःशुल्क कानूनी सेवा नपाउने अवस्था रहेकोछ।
- तल्लो र माथिल्लो अदालतमा कार्यरत वैतनिक कानून व्यवसायीहरु वीच एकआपसमा साथै कानुनी सहायता प्रदान गर्ने संस्थाहरुको वीच समन्वयको कमी रहेकोछ।
- वैतनिक कानून व्यवसायी मुकरर भएका मुद्दामा उनीहरुलाई अध्ययनको लागि समय अभाव हुने र भौतिक साधन स्रोत सम्पन्न कार्यकक्षको अभाव रहेको छ।
- वैतनिक कानून व्यवसायीको एक वर्षको कार्यकाल अत्यन्तै न्यून रहेको गुनासो रहेको।
- वैतनिक कानून व्यवसायी र सेवाग्राहीवीच भेटघाट तथा छलफल गर्ने परिपाटी नभएको साथै वैतनिक कानून व्यवसायीले प्रदान गरेको सेवा बारे सेवाग्राहीवाट Feedback पनि लिने गरेको पाईदैन।
- निःशुल्क कानूनी सेवा सेवा प्रदान गर्ने थुप्रै संयन्त्रहरु भएपनि यो सेवा प्रतिस्पर्धी र गुणस्तरीय नभएको, संस्थागत तथा भौतिक पूर्वाधारको कमी, दक्ष तथा अनुभवी जनशक्तिको अभाव देखिएको छ।सेवा प्रदान गर्दा सरोकारवाला पक्ष बीच समन्वय हुन नसकेको, सेवाको

प्रभावकारी अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली अवलम्वन हुन नसकेको अवस्था छ। त्यसैगरी विभिन्न निकायबाट समेत आ-आफ्नै तरिकाले सेवा प्रदान गर्ने व्यवस्थाले स्रोत साधनको दोहोरोपन भई एकिकृत र प्रभावकारी निःशुल्क कानूनी सहायता उपलब्ध हुन सकेको छैन।

## १३. निष्कर्ष

नेपालमा कानूनी सहायता सम्बन्धी ऐन, २०५४ बनेर कार्यान्वयनमा आएको बर्षौ भइसकेकोछ।पटक पटक गरी धेरै जिल्लामा लागू भैरहेको अवस्था छ। यस अवस्थामा सो संयन्त्रहरुको कार्यान्वयनमार्फत कानूनी सहायता प्रदान गरी असमर्थ, असक्षम न्यायका आकांक्षीहरुको न्यायमा पहुँच सुनिश्चितगर्नु पर्ने आवश्यकछ। निःशुल्क कानूनी सहायता केन्द्रदेखि स्थानीय सरकार सवैको दायित्व भएका कारण प्रत्येकले निःशुल्क कानूनी सहायता का लागि बजेट तथा कार्यक्रम को व्यवस्था गर्नुपर्ने, असमर्थ, असक्षम व्यक्तिहरु अदालतमा आफ्नो मुद्दा दर्ता गर्नेदेखि अन्तिम टुङ्गो नलाग्दा सम्म प्रत्यक्ष वा अप्रत्यक्ष सवै खर्चहरु निःशुल्क कानूनी सहायताभित्र समेटिनुपर्ने,कानूनी सहायता कस्ता मुद्दामा कस्ता व्यक्तिहरुलाई दिने भन्ने स्पष्ट मापदण्डको व्यवस्था गर्नुपर्ने, कानूनी सहायता प्रदान गर्ने निकायले सेवा दिन बसेका व्यक्तिलाई स्पष्ट निर्देशन दिनुपर्ने, निःशुल्क कानूनी  सहायता प्राप्त गर्ने प्रक्रियालाई सरलिकरण गर्नुपर्ने, निःशुल्क कानूनी  सहायता दिने कार्यमा संलग्न संघ संस्थाहरुबीचमा समन्वयलाई सुदृढ पार्नुपर्ने, निःशुल्क कानूनी सहायताको उपलब्धताको बारेमा सवैमा चेतना अभिबृद्धि गराउनुपर्ने, स्कुल तह देखि नै न्यायमा पहुँचका विषयहरुलाई पाठ्यक्रमहरुमा समावेशगरी अध्ययन अध्यापन गराउनुपर्ने, कानूनी सहायता तथा न्यायमा पहुँचका विषयहरुमा अन्तर्क्रिया कार्यक्रम गर्ने लगायतका उपायहरु अवलम्बन गर्ने। ।

अदालतमा निःशुल्क वैतनिक कानून व्यवसायीको सेवा उपलब्धताको बारेमा विभिन्न संचार माध्यमबाट व्यापक प्रचार प्रसार गरी आम नागरिकलाई जानकारी गराउनुपर्ने, अनुभवी दक्ष र तालिम प्रप्त व्यक्तिलाई वैतनिक कानून व्यवसायीमा नियुक्त गर्नुपर्ने, विभिन्न तालिम, स्पष्ट कार्य विवरण तथा आचार संहिता लागु गरी वैतनिक कानून व्यवसायीको दक्षता अभिवृद्धि गर्ने ,वैतनिक कानून व्यवसायीले प्रदान गर्ने सेवाको क्षेत्र मुद्दाको सुरुवात देखि फैसला कार्यान्वयनको चरणसम्म विस्तार गर्ने,  वैतनिक कानून व्यवसायीबाट पूर्णकालिन सेवा लिने व्यवस्था गर्ने, वैतनिक कानून व्यवसायीको काम कार्वाहीको नियमित अनुगमन तथा मुल्याङ्कन गरेर कानूनी सहायता कार्यक्रमलाई प्रभावकारी बानउनुका साथै असमर्थ पक्षलाई सहज र सर्वसुलव ढङ्गबाट निःशुल्क  रुपमा कानूनी सेवा प्रदान गरी सवैको न्यायमा सहज पहुँच दिन र लोककल्याणकारी राज्यको अवधारणालाई साकार पार्न सकिन्छ।

हाल उपलब्ध गैरसरकारी संस्था र एक भन्दा बढी सरकारी निकायबाटै आ-  आफ्नै रुपबाट निःशुल्क कानूनी सहायता उपलब्ध गराउने बर्तमान व्यवस्थालाई सुधार गरी एकिकृत र

प्रभावकारी निःशुल्क कानूनी सहायता प्रणालीको विकास गरी सामाजिक तथा आर्थिक रुपले असमर्थ पक्षलाई न्यायमा समान पहुँच सुनिश्चित गर्न भनी बनेको एकिकृत कानूनी सहायता नीति २०७६को कार्यान्वियनबाट न्यायमा पहूँच बढाउने तथा निःशुल्क कानूनी सहायता सम्बन्धी व्यवस्थाको प्रभावकारीता अभिवृद्धि गराउन सक्ने देखिन्छ।